नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## प्रशासन महाशाखा

☎ ०१-४२५८१९९

प.सं.: ८ /०७७/७८

च.नं ९८६

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

रामशाहपथ
काठमाडौं ।

मिति : २०७८।०२।२१

**बिषय : परिपत्र ।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने उपकरण तथा औषधीजन्य सामग्रीहरु खरिदको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावलीको नियम १४५ मा रहेको विशेष परिस्थितिमा खरिद प्रक्रियाका सम्बन्धमा तोकिएको समयावधि कम गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।२।२८ को निर्णयानुसार यस मन्त्रालयले सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिश गर्ने गरिएकोमा संवत २०७८ सालको अध्यादेश नं. १० कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको परिच्छेद ६ दफा २६ को उप दफा ५ मा "खरिद सम्बन्धी प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए पनि यस अध्यादेश बमोजिम गरिने खरिद प्रक्रियालाई छिटो सम्पन्न गर्नका लागि सम्बन्धित सार्वजनिक निकायको प्रमुखले प्रचलित कानूनमा खरिद प्रक्रियाको सम्बन्धमा तोकिएको समयावधि कम गर्न सक्नेछ" भनी व्यवस्था भएकोले अब उप्रान्त उल्लेखित सामग्रीहरुको खरिद प्रक्रियाका सम्बन्धमा तोकिएको समयावधि कम गर्न ताँहा कार्यालयबाटै खरिद गर्ने अवधि निर्धारण गरी सार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गर्ने व्यवस्था मिलाउन यस मन्त्रालयको मिति २०७८।२।२१ को (मा.मन्त्रिस्तरीय) निर्णयानुसार अनुरोध गरिएको छ ।

..............
भानुभक्त न्यौपाने
उपसचिव